मिति २०७७।०४।०८ गते माननीय गृह मन्त्री रामबहादुर थापा 'वादल' को अध्यक्षतामा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले गरेका निर्णयहरुः

१. यसबर्षकोमनसुनजन्य विपद्का कारण देश भर ठूलो क्षति पुगेकोले क्षतिग्रस्त पूर्वाधारहरुको पुनः स्थापना तथा पुनर्निर्माण गरी तत्काल सेवासुचारु गर्नका लागि चालु आर्थिक वर्षका लागि विनियोजित वजेटवाट नै खर्च गरी यही आर्थिक वर्षमा स्वीकृत कार्यक्रमको लागि थप वजेटको व्यवस्था गर्न अर्थ मन्त्रालयलाई र तत्काल निर्माण मर्मत सुधार गरी सेवा सुचारु गर्ने कार्य गर्न भौतिक पूर्वाधारतथा यातायात व्यवस्था मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, खानेपानी मन्त्राय, शहरी विकास मन्त्रालयलाई निर्देशन दिने ।

२. मनसुनका कारण पूर्ण रुपमा क्षति भएका व्यक्तिगत आवासहरुको पुनर्निर्माण कार्य सहरी विकास मन्त्रालयले मिति २०७७।३।२७ को विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को निर्णय तथा नेपाल सरकार,मन्त्रिपरिषद्को मिति २०७७।४।५ को निर्णयबमोजिम संशोधित विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड,२०७७ बमोजिम २०७२ सालका भूकम्प पीडितले पाए सरहको सुविधा प्रदान गरी सोहि विधि र प्रकृया वमोजिम गर्ने र यस कार्यका लागि आवश्यक वजेट अर्थ मन्त्रालयले उपलब्ध गराउने । क्षतिको विवरण जिल्ला प्रशासन कार्यालयहरुले उपलव्ध गराउने । साथै जोखिमयुक्त वस्तीहरूको अध्ययन उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभाग लगायतका निकायहरुसँग समन्वय गरी वस्ती स्थानान्तरण गर्ने कार्यशहरी विकास मन्त्रालयले तदारुकताका साथ शुरु गर्ने ।

३. यस बारेमा सवै सम्बन्धित मन्त्रालयहरुले योजनाबद्ध रुपमा पुनर्निर्माण र जीवीकोपार्जन सहितको पुनर्स्थापना गर्नका लागि मनसुनका कारण क्षति भएका पूर्वाधार तथा अन्य आर्थिक क्षतिको विवरण संकलन गरी अनुमानित लागत सहितको ठोस कार्ययोजना तयार गर्ने र उक्त योजना आगामी बैठक (मनसुन समिक्षा) मा अनिवार्य प्रस्तुत गर्ने । सबै निकायहरुले क्षेत्रगत क्षतिको विवरण यो मनसुन समाप्त भएको सात दिन भित्र गृह मन्त्रालय, राष्ट्रियविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा उपलब्ध गराउने ।

४. मनसुनजन्य विपदका कारण व्यक्तिगत पशु तथा खेती वालीमा भएको नोक्सानीको क्षतिको विवरण संकलन गरी नष्ट भएका खेती वालीको नोक्सानीको अवस्था मूल्यांकन गरी कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले राहत वितरणको व्यवस्था गर्ने ।

५.वाढी तथा पहिरोबाट विस्थापित भई अस्थाई आश्रयस्थलमा बसेका पीडितहरुमा मनसुनजन्य संक्रामक रोगहरूबाट हुने संक्रमण रोक्नको लागि आवश्यक औषधी उपचारको व्यवस्थागर्नुका साथै

नेपाल सरकार
गृह मन्त्रालय

विस्थापित भइ समूहमा बसोबास गरेका व्यक्तिहरूमा कोभिड-१९ को संक्रमण रोकथामका लागि अपनाउनु पर्ने स्वास्थ्य सुरक्षा मापदण्ड बमोजिम आवश्यक पर्ने सामाग्रीहरूको व्यवस्था समेत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तत्कालै गर्ने ।

६.यस अवधिका प्राकृतिक प्रकोपका कारण ज्यान गुमाउनुहुने सबैप्रति कार्यकारी समिति भावपूर्ण श्रद्धाञ्जली ब्यक्त गर्नुका साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ । घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

नेपाल सरकार
गृह मन्त्रालय